# दिपायल सिलगढी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, डोटी
**Dipayal Silgadhi Municipality**
**Office of Municipal Executive, Doti**

☎- ४२००९०
- ४२०१६८
फ्याक्स नं.०९४-४२०२९७
ई-मेल-info@dipayalsilgadhimun.gov.np
web-site :dipayalsilgadhimun.gov.np


प.सं. :- ०७८/०७९
च.नं. :-

सिलगढी(Silgadhi)
सुदूरपश्चिम प्रदेश, नेपाल
मिति : २०७८/१०/२३

**बिषय : कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।**

**प्रथम पटक प्रकाशित मिति : २०७८/१०/२३**

दिपायल सिलगढी नगरपालिका नगरकार्यपालिकाको निर्णयानुसार यस नगरपालिकामा गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम अर्न्तगत रहने गरी गुनासो सुनुवाई अधिकारीको पदमा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिन हुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या | आवेदनदस्तुर |
|---|---|---|---|---|---|
| १. | ०३/०७८/०७९ | उजुरी सुनुवाई अधिकारी | राजपत्र अनंकित प्रथम श्रेणी | २(दुई) | रु.४००।(चारसय) |

**१.आवश्यक योग्यता :**

(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।

(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको ।

(ग) भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरीने गरी कुनै कारवाही नभएको ।

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको ।

२. दरखास्त दिने अवधि : मिति २०७८/१०/२३ गते देखी २०७८/१०/२९ गते

३. दरखास्त दिने म्यादको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको दोस्रो दिन अपराहन्न ५ बजे सम्म ।

४. दरखास्त दिने स्थान : दिपायल सिलगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय, सिलगढी, डोटी ।

५. सम्पर्क मिति : दरखास्त दिने अन्तिम मितिको भोलीपल्ट उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको दोश्रो दिन ।

६. परिक्षा सम्बन्धि कार्यक्रम सम्पर्क मितिमा जानकारी गराईने छ ।

७. आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :

(क) नेपाली नागरिकताको प्रतिलिपी

(ख) शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपी र दुई प्रति पासपोर्ट साईजको फोटो

(ग) दि.सि.न.पा.को आन्तरिक राजश्व खाता नं ४१००१००३०१०१०००४ मा आवेदन दस्तुर रु. ४००। जम्मा गरेको भौचर वा नगदी रसिद ।

८. सेवा सुविधा : राजपत्र अनंकित प्रथम श्रेणी सरहको हुनेछ ।

९. छनौट विधि : लिखित तथा अर्न्तवार्ता

१०. सेवा अवधि : ४५ (पैचालिस ) दिन ।

११. गरिव घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा सुपरिवेक्षक तथा गणक भई काम गरेकालाई प्राथमिकता दिईने छ ।

म्याद नाघी वा रितपुर्वक नआएका आवेदन उपर कुनैकारवाही हुने छैन, अन्य आवश्यक जानकारीको लागी दि.सि.न.पा.को कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

नोट : आवेदन फाराम दि.सि.न.पा.को कार्यालयबाट पाउन सकिनेछ ।

खेमराज गुरुङ्ग